# बारा जिल्लाको कोल्हबीमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाद्वारा

# ब्यवसायिक कुखुरापालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीयकार्यालय रहेको निर्धन उत्थानलघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफना ३१ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ पौष २६ गतेदेखि २८ गतेसम्म बारा जिल्लाको कोल्हबीमा **“ब्यवसायिक कुखुरापालन तालिम”**सम्पन्न गरेको संस्थाका कोल्हबी शाखा कार्यालयका शाखा प्रमुख श्री शेखर बहादुर कार्कीले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री डा. हेमचन्द्र जयसवार श्री नवल किशोर साह, श्री बिकाश कुमार साह, शाखा प्रमुख श्री शेखर बहादुर कार्की र क्षेत्रीय प्रमुख श्री हरेराम राउत रहेका थिए ।

एक परिवारमा एकजना उद्यमी बनाउन संस्थाले पहल गरीरहेको, संस्थाले साढे दुई दशक देखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीयप्रमुख श्री हरेराम राउतले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागतगर्नुका साथै तालिमको उद्देश्यबारेमा संस्थाको कोल्हबी शाखाका प्रमुख शेखर बहादुर कार्कीले प्रकाश पारेका थिए ।
निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशको ७७ वटै जिल्लाहरुमा शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त वित्तीय संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समुहमा आवद्ध गराई विनाधितो लगानीगर्नुका साथै सिपमुलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, वौद्धिक विकास गर्दै आई रहेको छ

।यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरि ग्राहक सदस्यहरुलाई सिपविकास तालिम प्रदान गर्दै गरिरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।संस्थाले २०७५ मंसिर मसान्त सम्ममा ३ लाख ३३ हजार १४१ घरपरिवारहरुमा सेवाविस्तार गरेको छ । संस्थाले २०७५ मंसिर मसान्त सम्मम ।लगानीमा रहेको कर्जा रु. १६ अरब ५२ करोड ४३ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब ३३ करोड ४२ लाख बचत परिचालन गरेको छ । कुखुरापालन गरी रहेका तथा कुखुरापालन गर्न इच्छूक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीपप्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका कार्यक्रम अधिकृत श्री हरेराम राउतले जानकारी गराएका थिए । तालिमको संचालन कोल्हबी शाखाका प्रमुख शेखर बहादुर कार्कीले गरेका  थिए ।

व्यवसायिक कुखुरापालन तालिम  व्यवसायको परिचय, स्थानीय र उन्नत जातको कुखुराको भिन्नता, महत्व, आवश्यकता र वर्तमान स्थिति तथा ब्रोईलर एवम लेयर्स कुखुराको जातीय परिचय र ब्रोईलर पाल्नको कारण तथा महत्व, कुखुरापालन विधि, खोरको महत्व, उन्नतवा सुरक्षित खोर निर्माण गर्न ठाउँको छनौट, स्थानीय श्रोत साधनप्रयोग गरी उन्नतखोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोतरको महत्व एवम् सोतरको लागि प्रयोग गरिने वस्तुहरु, चल्ला ल्याउनपूर्व गर्नु पर्ने तयारीहरु, गुणस्तरिय चल्लाको पहिचान, ब्रुडिङ्गको परिचय, ब्रुडिङ्ग हाउसमा चल्ला राख्दा चल्लाको छनौट, जाडो तथा गर्मीयाममा चल्ला ब्रुडिङ्ग गर्ने तरिका एवम ब्रुडिङ्ग हाउसमा उपयुक्त तापक्रमको महत्व र ब्रुडिङ्ग गर्दा ध्यानदिनु पर्ने कुराहरु, ब्रुडिङ्ग गर्दाको अवस्थामा एण्टिबायोटिक, भिटामिन तथा ईलेक्ट्रोलाईटको महत्व, चल्लाको आहार, उन्नतदानाको महत्व, किसिम र स्थानीय श्रोत साधनको प्रयोग गरी सन्तुलित दाना बनाउने तरिका, चल्लाको जात, उमेर अनुसार भूँई क्षेत्र, दानापानी, भाँडाकुँडाको आवश्यकता र शारिरिक तौलमा वृद्धि, रोगको परिचय, कुखुरामा रोग लाग्नाको कारणहरु, रोगी तथा निरोगी कुखुराको पहिचान गर्ने तरिका र रोगबाट बच्ने उपायका साथै कुखुरापालन ब्यवसायमा बायोसेक्युरिटीको महत्वबारे जानकारी, रानीखेत, गम्बारो तथा पुल्लोरम, कुखुराको हैजा तथा कक्सिडियोसिस रोगको परिचय, लक्षण, उपचार तथा रोकथाम, खोपको महत्व, खोपहरु प्रयोग गर्ने तरिका, ब्रोईलर कुखुराको खोप कार्यक्रम र खोर संक्रमण मुक्तपार्ने तरिकाबारे जानकारी साथै कुखुरापालन कृषकको खोरमा अध्ययन भ्रमण, दुषित दानापानी तथा भिटामिन र खनिजतत्वको कमिबाट लाग्ने रोगहरु र आन्तरीक तथा वाह्य परिजिविबाट लाग्ने रोगहरुको परिचय, लक्षण उपचार तथा रोकथामका उपायहरु, कुखुरापालन ब्यवसायको योजना तर्जुमा र अभिलेख राख्ने तरिका तथा कुखुरापालन ब्यवसायको बजार ब्यवस्थापन, कुखुरापालनको स्किम, बचत परिचालन र बचतका फाईदाहरु संस्थाका  अन्य सेवाहरुको बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको कोल्हबी शाखाका प्रमुख श्री शेखर बहादुर कार्कीले बताएका थिए ।